नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

फोन नं.: ४२०१३३
४२०५५५
फ्याक्स नं.: ४२०१५३
daodadeldhura133@gmail.com

पत्र संख्याः- २०८२/०८३ मितिः- २०८२/११/२१

## सबैमा हार्दिक धन्यवाद !

यस जिल्लामा प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ अत्यन्त उत्साहजनक, शान्तिपूर्ण, भयरहित र विश्वसनीय वातावरणमा सफलतापूर्वक सम्पन्न भएको छ। लोकतन्त्रको यस महापर्वलाई भव्य रुपमा सफल बनाउन सहयोग पुऱ्याउनुहुने सम्पूर्ण सरोकारवालाहरू प्रति हार्दिक आभार एवम् धन्यवाद व्यक्त गर्दछौं।

निर्वाचन आयोगबाट भएको निरन्तर सहयोग र समन्वयप्रति आभार प्रकट गर्दै निर्वाचनलाई सुव्यवस्थित बनाउन निरन्तर मार्गदर्शन प्रदान गर्नुहुने माननीय गृहमन्त्रीज्यू, श्रीमान् गृह सचिवज्यू, सुदूरपश्चिम प्रदेशका प्रमुख सचिवज्यू, गृह मन्त्रालयका महाशाखा प्रमुखज्यूहरू, प्रदेश सरकारका सचिवज्यूहरू तथा तथा प्रदेश सुरक्षा प्रमुखज्यूहरू प्रति उच्च सम्मान प्रकट गर्दछौं।

साथै निर्वाचनलाई मर्यादित बनाउन योगदान पुऱ्याउनुहुने मुख्य निर्वाचन अधिकृतज्यू, जिल्ला सुरक्षा समितिका पदाधिकारीहरू, जिल्ला निर्वाचन अधिकारी, निर्वाचन कार्यमा खटिनुहुने सम्पूर्ण राष्ट्रसेवक कर्मचारी एवम् सुरक्षाकर्मीहरू प्रति कृतज्ञ छौं। राजनीतिक दलहरू, उम्मेदवारहरू, मतदाताहरू, सञ्चारकर्मीहरू, पर्यवेक्षकहरू, नागरिक समाज र स्थानीय तहहरूले देखाउनुभएको समन्वय र सद्भावको उच्च प्रशंसा गर्दछौं।

अन्त्यमा, निर्वाचन पछिको मतगणना कार्य र विजय उत्सवका कार्यक्रमहरूमा समेत यस्तै संयमता, अनुशासन र भातृत्व कायम राख्दै शान्ति सुरक्षालाई थप मजबुद बनाउन सम्बन्धित सबै पक्षबाट पूर्ण सहयोग रहने विश्वास लिएका छौं।

(अमर बहादुर वली)
सहायक प्रमुख जिल्ला अधिकारी